

# स्थानिय सरोकार

स्थानिय क्षेत्रको बलियो आधार

मासिक

वर्ष २ अंक ७ कार्तिक २०८१ LOCAL CONCERNS A MONTHLY MAGAZIN



## विकास निर्माण, समृद्धि र पुन:निर्माणमा स्थानिय सरकारको बलियो आधार

# NEPAL MEDICAL COLLEGE

**For the past 27th years**
We have made thousands of doctors
now it's your turn









## Nepal Medical College

Attarkhel, Jorpati, Gokarneshwor-8
Kathmandu, Nepal
+977-01-4911008 nmc@nmcth.edu
www.nmcth.edu

पर्वको डमड्ड
इन्टरनेट TV संग बड्ड

CLASSIC TECH
दौंती कि भरोसी

# 'आधा तिरे पुग्छ



## २०० Mbps Internet TV

बार्षिक
रू ~~१२,४९९~~ /-

६ महिना
रू ५,५२१ /-

थप जानकारीको लागी ८०१००४४७७

प्रकाशक
**निगरानी दैनिक मिडिया प्रा. लि.**

अध्यक्ष
**निर्मला दंगाल**

प्रधान सम्पादक
**जीवन शर्मा**

प्रबन्धक
**टि.एन धमला**

सम्पादक
**नर बहादुर तामाङ**

सह–सम्पादक
**शालिकराम भट्ट**

संवाददाता
**लक्ष्मण फुयाँल**
**राधिका ढकाल**
**भोजराज पण्डित**
**तनबिर अन्सारी**

विशेष सल्लाहकार
**दर्शनाचार्य लक्ष्मीप्रसाद ढकाल**

सल्लाहकार
**डा. श्रीकृष्ण वाग्ले**
**कृष्ण प्रसाद ढकाल**
**रामचन्द्र लामिछाने**

कानुनी सल्लाहकार
**अधिवक्ता गोविन्द पन्थी**
**अधिवक्ता कृष्ण प्रसाद भट्टराई**

फोटो पत्रकार
**सरोज राई**

**कार्यालय**
चावहिल-७, काठमाडौं
फोन : ०१-५९१९५४४, ९८५-१०५३९३०
ई-मेल : news.nigranidainik@gmail.com
www.nigranidainik.com
मूल्य रु. १००/-

कम्प्यूटर
**क्रिस्जल डिजाईन हाउस**
बालुवाटार, काठमाडौं
९८४३४९२८४२

मुद्रण
**युनिक प्रिन्ट हाउस प्रा. लि.**
काठमाडौं-७, चावहिल

# सम्पादकीय

यतिबेला देशमा नेपालीहरूको महान पर्व बडादशैं र तिहारको माहोलले छपक्कै छोपेको छ । चारैतिर दशैंको रौनकले देश चाडपर्वमय बनेको छ । यस्तो अवस्थामा विभिन्न समस्या आउनु स्वभाविक हो । महंगी, यातायात व्यवस्थापनमा समस्या लगायतका विषय बर्सेनिदेखिँदै आएको छ । यसरी चाडपर्वको बेलामा स्थानीय सरकारले यी विषयमा ध्यान दिने हो भने चाडपर्वलाई शान्त, सुन्दर र रमणीय बनाउन सकिन्छ । **नागरिकको सुरक्षाः** स्थानीय प्रशासनले पर्वको दिनहरूमा नागरिकहरूको सुरक्षाको ख्याल राख्नुपर्छ । यसले अपराधिक क्रियाकलाप रोक्दै नागरिकको सुरक्षा सुनिश्चित गर्नका लागि विभिन्न कार्यहरू गर्नुपर्छ । **यातायात व्यवस्थापन** : दशैं र तिहारको अवसरमा मानिसहरू विभिन्न स्थानमा आवतजावत गर्ने भएकोले यातायातको व्यवस्थापन हुन पनि निकै नै कठिनाई हुन सक्छ । स्थानीय प्रशासनले सहुलियत गराउनका लागि ट्राफिक व्यवस्थापन योजना अमलमा ल्याउनुपर्छ, जसमा अस्थायी पार्किङ क्षेत्रहरू तोक्ने रुट फ्रि गराउने जस्ता कार्य गर्न सक्छ । **फोहोर व्यवस्थापन** : पर्वहरू विभिन्न खाद्यान्न तथा खाद्यवस्तुको धेरै नै प्रयोग हुने हुँदा प्याकेजिङ र प्रयुक्त पदार्थहरूले धेरै मात्रामा फोहोर उत्पन्न गर्छ। यस्तोमा स्थानीय प्रशासनले सार्वजनिक स्थानहरूलाई सफा राख्न चुस्त दुरुस्त रुपमा हुने विभिन्न योजना कार्यान्वयन गराउनु पर्छ । **मूल्यवृद्धिमा नियन्त्रण** : जब जब चाडपर्व नजिकिँदै जान्छ बजारमा मूल्यवृद्धिका घटनाहरू बढ्दै जान्छ। यस्तोमा स्थानीय प्रशासनले पर्वको अवसरमा आवश्यक वस्तुहरूको मूल्य नियन्त्रणमा महत्त्व दिनुपर्छ। यसले नागरिकहरूको लागि आवश्यक वस्त्रहरू अरु वस्तुहरूसँग सार्थक र सस्तो बनाउँछ। **सांस्कृतिक संरक्षण** : दशैं र तिहार मात्र धार्मिक चाड भन्दा बढी हुन्छ, यसले स्थानीय प्रशासनलाई अपर्व र भण्डारीको बारेमा विचार गर्न आग्रह गर्छ। स्थानीय प्रशासनले सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्न र परम्परागत कला र शिल्पकलाको प्रशासन र संरक्षणका लागि प्रमोट गर्न पनि ध्यान दिनुपर्छ । **प्रदूषण नियन्त्रण** : चाडबाडमा विभिन्न मनोरञ्जनात्मक क्रियाकलापहरू भइरहेका हुन्छन् । तर यसमा धेरै शब्द प्रदूषण समस्या उत्पन्न भइरहेको हुन्छ । त्यसैले स्थानीय प्रशासनले शान्त वातावरण बनाउन नगर तथा गाउँमा विभिन्न कार्यहरू गर्न जरुरी छ जसले शब्द तथा ध्वनि प्रदूषणलाई न्यूनीकरण गरोस् । आपत्कालीन सेवा : स्थानीय प्रशासनले पर्वको दिनहरूमा आपतकालीन सेवाहरू, जस्तै एम्बुलेन्स र अग्निसेवाहरूलाई तयारी अवस्थामा राख्न अत्यन्तै जरुरी छ । चाडबाडमा अप्रत्यासित रुपमा हुने घटनाहरूलाई सम्बोधन गर्नका लागि स्थानीय सरकार तम्तयार हुन अत्यावश्यक छ । स्थानीय प्रशासनको सक्रिय सहभागिता र समुदायका प्रमुख र संगठनहरूसँगका संयोजनामा पर्वलाई सुरक्षित, मनोरञ्जनका साथै स्थानीय कानुन र नियमकम मनाउन सकिन्छ । माथि उल्लेखित कुरामा स्थानीय सरकारले ध्यान दिने हो भने दशैं र तिहारको उत्सवलाई सुरक्षित, रमाइलो, र रमणीय पर्व बनाउन सकिन्छ ।

# नयाँ नेपालको विकास तथा निर्माणको लागि आर्थिक अवधारणा

समन्वयात्मक स्तरको छलफल र त्यस्ता क्षेत्रमा कार्यरत रहँदाको अनुभववाट उत्पन्न विकास अवधारणाहरूको व्यवहारिक प्रयोगले नै यो राष्ट्रको संरक्षण र संवर्द्धन जस्तो महत्वपूर्ण प्रकृया पूर्ण हुन सक्दछ। मुलुकमा १० बर्षे जनयुद्धले औंल्यायको जनताको समस्या समाधान गर्ने उपायको रुपमा जनआधिकार र स्वाधिन अर्थ तन्त्रको आधारशीलालाई संस्थागत रुपमा स्थापित गर्ने कुरालाई सरकारले गहन तरिकाले ग्रहण गर्नु पर्ने वेला आएको छ। आजको सरकार पूर्ववत कामचलाउ स्तरको होईन।

यसले मुलुकका प्रत्येक क्षेत्रमा रहेको साधन र श्रोतको परिचालन गरेर जनतालाई सारभूत रुपमा सक्षम वनाउन विशेष कार्यक्रम ल्याउनु जरुरी भैसकोछ। यसको लागि नेपाल सरकारकले मुलुकमा आर्थिक क्रान्ति गर्ने अभियानलाई सार्थक वनाउन विशेष कार्यनीति तय गरि व्यवहारिक तरिकाले कार्यान्वयनमा ल्याउनु पर्छ । यसरी मुलुकका सम्पूर्ण जनतामा आत्मविश्वास जागृत गराई उनिहरूको आर्थिक धरातल सवल वनाउन सके यो राष्ट्रमा कुनै समस्या वाँकी रहँदैन।

यसर्थ देशको सामाजिक आर्थिक र सामूदायिक परिवेशमा विद्यमान समस्या सम्वन्धित क्षेत्रवाटै समाधान गर्ने प्रयाश स्वरूप एक व्यवहारिक विकास अवधारणाको आवस्यकतादेखिएको छ । यो अवधारणा अनुरुप कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याउन सके समाजका जुनसुकै वर्ग, क्षेत्र र पेशाका व्यक्तिहरूको आर्थिक स्तर माथि उठ्नुका साथै एक सार्थक र सम्पन्न समाजको निर्माण गर्न सजिलो हुने छ।

## विकास के हो ?

विकास कार्यक्रमलाई वडि जटिल शव्दजालमा खोज्नु हुँदैन । यो त सामाजिक जनजीवनसंग सम्वन्धित भएकोले उनिहरूकै जीविका निर्वाहको आधारहरूलाई व्यवस्थित गर्ने प्रकृयाहरूको माध्यमवाट प्रस्तुत गर्नु पर्छ । यसर्थ सामाजिक विकासको अर्थ जीविका निर्वाहको सजिलो उपाय र व्यक्तित्व निर्माण तथा जनचेतनाको आधारशीला हो । वास्तवमा यी दुवै पक्षलाई सहज रुपमा अग्रसर गराउने उपाय नै विकास हो।

## विकास कहाँवाट शुरू गर्ने ?

विकास वास्तवमा सवैभन्दा तल्लो वर्गलाई दृष्टिगत गरी संचालनमा ल्याउनु पर्छ । आर्थिक दृष्टिले विपन्न समाजलाई जवसम्म मथि उठाउन सकिदैन त्यहाँ विकास कागजमा मात्र सीमित हुन पुग्छ। यसर्थ अव विकास स्थानीय जनजीवनसंग आधारित गरेर शुरु गर्नु पर्छ। अझ ठोस रुपमा यो विषयलाई स्पस्ट पार्नु पर्दा हाम्रो देशको परिवेशमा विकास गाउँवाटै शुरु गर्नु पर्छ भन्ने कुरालाई कसैले नकार्ने ठाउँ रहँदैन।

## विकास कसरी ?

समाजको आवस्यकता पूर्तिको अर्थपूर्ण उपायहरूसंग विकासको प्रकृया पुरा गर्नु सकिन्छ। यसको लागि आत्म विस्वासको वातावरण सवैमा जागरण गराउनु आवस्यक हुन्छ। संवन्धित क्षेत्रका जनताले आफ्नो विकास आफै गर्नु पर्छ भन्ने कुरालाई आत्मसात गरिसके पछि मात्र विकास हुन्छ । विकासको लागि जे जति अवधारणा वनाए पनि ती सवै आजसम्म अर्थपूर्ण रुपमा प्रयोगमा नआउनु भनेको ती अवधारणामा व्यवहारिकताको कमी हुनु नै हो। जस्ले गर्दा विकास कार्यक्रम तर्जुमा एवं संचालनमा ल्याउँदा निम्न कुराहरूलाई व्यवस्थित गर्ने तर्फ सर्वप्रथम ध्यान जानु आवश्यक छ :

**क. स्थानीय जनताको सकृयता**

**ख. स्थानीय शीपको विकास**

**ग. स्थानीय श्रोत र साधनको प्रयोग**

यसरी माथि उल्लेख भएका तीनै कुराको एकसाथ प्रयोग गर्न सके कुनै पनि क्षेत्रको विकासको लागि कठिनाई उत्पन्न हुने अवस्था सिर्जना भैरहँदैन । यसरी संचालित विकास कार्यक्रमहरू एउटा प्रणाली वनेर स्वतः कृयाशील भैरहेका हुन्छन् । सरकारले त त्यहाँ भैरहेको कामको अनुगमन र संरक्षण गर्ने कुरामा मात्र ध्यान दिदा पुगि हाल्छ।

## कार्य समिति

यसरी विकास कार्यक्रम स्थानीय स्तरमा पुऱ्याउनको लागि एउटा भरपर्दो उपायको खोजी हुनु आवस्यक भै सकेको छ। यसको

लागि निम्न अनुसारको प्रकृया प्रस्तुत गरिएको छः-

१. **सार्वजनिक सेवा समन्वय समिति**

२. **सामुदायिक कृषिजन्य उद्योग समन्वय समिति**

## सार्वजनिक सेवा समन्वय समिति

यो समितिलाई स्थानीय स्तरका जनताको सकृय सहभागितामा स्थापना गर्नुका साथै संचालनमा ल्याउनु पर्ने आवस्यकता देखा परिरहेको छ। किनभने जनताले पाउनु पर्ने दैनिक सुविधाका कुराहरू वाह्य शक्ति अथवा सरकारको प्रयाशमा निर्भर रहेको आजको अवस्थाले सार्वजनिक सेवालाई गाउस्तरका जनतासम्म पुऱ्याउने दरो आधारशिला वन्न सकेन। यसर्थ स्थानीय जनताकै संलग्नतामा एक सार्वजनिक सेवा समन्वय समिति गठन गरेर संचालन गर्नु आवस्यदेखिएकोले यो समितिको प्रस्ताव गरिएको छ।

## उदेश्यः

१. सर्वसाधारण जनताले पाउनु पर्ने सार्वजनिक सरोकारका सेवा तथा सुविधाहरू कायमै राखी जन उपभोगका आवश्यक वस्तु संरक्षण गर्ने गराउने।

२. जनजीवनसंग सम्वन्धित अत्यावस्यक सेवाहरू सुसंचालनमा सकृयता पूर्वक सहयोग पुऱ्याउने।

३. सर्वसाधारण जनताले प्राप्त गरिरहेका सुविधाहरू कायम राख्न र व्यवहारिक रुपम यस्ता सुविधाको स्तर बृद्धि गर्नुका साथै सामाजिक अपराध नियन्त्रण गरेर स्थानीय स्तरमा शान्ति सुव्यवस्था कायम राख्न स्थानीय प्रशासनलाई सक्षम र सवल वनाउन सहयोग पुऱ्याउने।

४. सर्वसाधारणलाई सुविधा दिन र उनिहरूलाई संमान जनक जीवन निर्वाह गर्नको लागि सेवारत निकाय एवं जनस्तरसम्म नैतिकता कायम राख्नुका साथै अपांग, महिला, वालवालिका र पिछडिएका समुदायको हकहितको संरक्षणमा सहयोग पुऱ्याउने।

५. प्राकृतिक प्रकोप उद्धार व्यवस्था गर्न र यस्तो विपत्तीवाट वच्ने उपायको खोजीको साथै त्यस्ता उपाएहरूलाई प्रयोगमा ल्याउन सहयोग पुऱ्याउने।

६. सामाजिक व्यवहारमा भैरहेको बढ्दो प्रतिस्पर्धा र अनावश्यक तडक भडक घटाउन सकृय रहने।

७. सार्वजनिक सरोकारका विषयवस्तुहरू एवं सरकारी र साार्वजनिक निकायलाई सहयोग पुऱ्याउनु पर्ने सेवाहरूका सम्वन्धमा प्रत्यक्षतः सो सेवा सुविधा प्राप्त गर्ने समुदायको सहभागिता र सकृयता बढाई तत्सम्वन्धी जनचेतना अभिबृद्धि गर्ने।


८. जुवा, तास, मदिराको प्रयोगमा कमि ल्याउने, महिला उत्पीडन, छुवाछुत, जस्ता सामाजिक विकृति हटाउने तर्फ सम्वन्धित निकायसंग समन्वय गरी काम गर्ने।

९. उत्पादन मूलक व्यवसाय संचालन गर्ने वातावरण तयार गर्न संम्पूर्ण निकायलाई परिचालन गर्ने।

१०. स्थानीय स्तरमा संचालित शैक्षिक संस्थाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गरेर प्रतिस्पर्धामा जान सक्ने वातावरण तयार गर्ने।

## संगठनात्मक व्यवस्थापन

यसरी संचालनमा आएको समितीले स्थानीय स्तरमा आवस्यक विविध प्रकारका सेवालाई व्यवस्थित रुपमा उपलव्ध गराउने काममा महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्नेछ। जस्ले गर्दा यो समितीमा निम्न अनुसार स्थानीय स्तरका सम्पूर्ण सेवा निकाय तथा बुद्धिजीवि र उपभोक्ता समेतको सहभागिता गराउनु पर्छ।



## कार्यविधि

यो समितिको कार्यविधि संक्षिप्त रुपमा स्थानीय स्तरमा आवस्यक सेवा सुविधाहरूलाई व्यवस्थित गर्ने कुरामा आधारित गरी विस्तृत रुपमा तयार गर्नु पर्ने हुन्छ। यसर्थ यो अवधारणा पत्रको ४.१.१.१ मा उल्लेख भएका उद्देश्यको परिपूर्ति गर्नेसम्मको कार्यविधि तयार गर्ने तर्फ पेशागत क्षेत्रलाई संलग्न गराई एक व्यवहारिक र गतिशील कार्यविधि तर्जुमा गरि लागु गर्नु पर्छ।

## सामुदायिक कृषिजन्य व्यवसाय एवं उद्योग समन्वय समिति

कृषिमा व्यवसायि करण आजको माग एवं तीव्र आवस्यकताहो । वास्तवमा यो काम सम्पन्न नभएमा हाम्रो जस्तो देशको दुर्दशा समाप्त हुन सक्दैन। कृषि पेशामा लागेका समूदायलाई

संगठित गरी औद्योगिक धरातलमा उठाउनु पर्ने आवस्यकता यहीवाट सिर्जना हुनपुगेको पाईन्छ। जस्ले गर्दा गाउँ घरमा कृषिमा आधारित गरी साना व्यवसाय संचालन गरिरहेका कृषक समूदायलाई औद्योगिक चरणमा प्रवेश गराउन यो समितिले प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ। कृषिको व्यवसायिकरण नभएसम्म आजको समाजले आधुनिक युग अनुरुपको विकास कार्यक्रमको कल्पना पनि गर्न सकिदैन । यसर्थ विकास कार्यक्रम संचालनमा कृषि व्यवसायिकरणको आधारशीला मजवूत वनाउने प्रकृया स्पस्ट हुनु पर्छ। जस्को लागि :-

क. परंपरागत रुपमा भैरहेका खेती प्रणालीमा सुधार गर्ने र अति दुर्लभ रहन पुगेका विउ विजन र वालीको संरक्षण गर्ने
ख. उन्नत कृषि प्रविधिको विकास गर्ने
ग. कृषि व्यवसायमा आधारित पेशागत शीपको विकास गर्ने
घ. स्थानीय स्तरमा भएका उत्पादनको बजार व्यवस्थापन गर्ने

यसरी विविध प्रकृयाको एकिकृत स्वरूपमा संगठनात्मक ढाँचा तयार गर्ने र त्यस्तो संगठनको उपलव्धी मूलक परिचालन गर्नेसम्मको व्यवस्था हुनु जरुरी भएकोले यो समितिको प्रस्ताव गरिएको हो।

## उदेश्य,


१. ग्रामिण जनताको आयस्तरमा बृद्धि गरि उनिहरूको जीवनस्तरमा सुधार ल्याउने।
२. स्थानीय कच्चा पदार्थको सदुपयोग गरी कृषि तथा वन जन्य उद्योग स्थापना गर्न उत्प्रेरित गर्ने।
३. नगदे वालि अथवा यस प्रकारको खेतीमा जनसहभागिता बढाउन सम्वन्धित कार्यालयसंग समन्वय गरि जनचेतना जगाउने कार्यक्रम संचालनमा ल्याउने।
४. कृषकहरूलाई उन्नत पशुपालन पद्धति अनुसार व्यवसाय संचालन गर्न प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउने।
५. नमुना क्षेत्रको रुपमा गाउँको व्यवसायलाई स्थापित एवं विकसित गर्न सामूदायिक खेती प्रणाली व्यवहारिक प्रयोगवाट गाउँलाई कुनै उत्पादित बस्तुको आधारमा पहिचान गराउने।
६. वजार व्यवस्थाको लागि सम्वन्धित सरकारी तथा गैर सरकारी निकायहरूसंग समन्वय गरि व्यवस्थित गर्न बजार स्थापना एवं सामान ओसार पसार गर्न ग्रामिण कृषि सडक समेतको उचित व्यवस्था मिलाउने।
७. सहज एवं सरल ऋृण तथा प्राविधिक सेवा सर्वसुलभ तरिकाले प्राप्त गर्न सकिने व्यवस्था मिलाउने।
८. कृषि तथा ग्रामीण विकास एवं गरिवि निवारण संग संम्वन्धित सरकारी संस्था, सहयोग निकाय तथा वित्तिय सस्थाहरू समेतलाई एकिकृत रुपमा सेवा प्रदान गर्न समन्वय समितिलाई परिचालन गर्ने ।
९. ग्रामीण विकास र गरिवी निवारणसंग सम्वन्धित संस्थाहरूः कृषि व्यवसायिकरण व्यापार आयोजना, गरिवी निवारण कोष, स्वरोजगार कोष लगायत जे जति संस्थाहरूले गर्ने सहयोग रकम सरकारी वित्तीय संस्था मार्फत् लगानी गर्ने कडा अनुगमन व्यवस्था मिलाई त्यस्तो रकम दुरुपयोग हुन नदिई उत्पादनशील क्षेत्रलाई सुदृढ वनाउने।
१०. माथि नं.९ मा उल्लेख भए अनुसारका संस्थाको रकम एवं सरकारको वित्तीय तथा मौद्रिक नीति अनुरुप ग्रामीण एवं प्राथमिकता क्षेत्र वा कृषिमा हुने लगानीको लागि स्थापित कृषि विकास बैंकलाई सरकारको पूर्ण स्वामित्वमा राखी यसै बैंकमार्फत् एउटै संस्थावाट रकम प्रवाहित गर्ने व्यवस्था मिलाउने ।

## संगठनात्मक व्यवस्थापन

यो समितिले स्थानिय स्तरमा रहेको विद्यमान कृषि प्रणालीलाई व्यवस्थित एवं बैज्ञानिक संरचना भित्र ल्याउने र समन्वयात्मक आधारशीला खडा गरेर विकास गर्ने गरी समितिको संगठनात्मक स्वरूप तयार गर्नु पर्ने आवस्यकतादेखिएको छ। कृषि उत्पादनमा यहाँ प्रसस्त विविधता छ। नगदे वाली जस्तै तरकारी, फलफूल, चिया, कफि, अलैची, सुठो, सुर्ति, अम्लिसो, जस्ता कृषकहरूको आय आर्जनमा प्रभावकारी भूमिका निर्वाह गर्ने खालका व्यवसायलाई व्यवस्थित गरेर त्यस्ता क्षेत्रको उत्पादनवाट उत्पादक उचित लाभ पुऱ्याउने कार्यलाई उदहरणको रुपमा लिन सकिन्छ। यद्यपी कृषि क्षेत्रका विविध उत्पादन पक्षको विकास गर्न त्यस्ता व्यवसायलाई पेशागत संरचनामा प्रवेश गराउने र विशेष उत्पादन क्षेत्र (तरकारी, फलफूल,पशुपालन) को छनौट गरेर त्यस्ता उत्पादनलाई आयमूलक व्यवसायिक अवधारणा अनुरुप विकास गर्नु पर्छ। यसको साथै खाद्यान्न उत्पादनको लागि विशेष क्षेत्र एवं मौसम अनुसार खेती गर्ने व्यवस्था मिलाउने र त्यस्ता उत्पादकलाई विशेष प्रोत्साहन समेत गर्ने व्यवस्था मिलाउने।

यस प्रकारको विशिष्ठ कृषि व्यवसायिक संरचना तयार गर्नको लागि स्थानीय स्तरमा विद्यमान उत्पादन र उत्पादन सम्वन्धको वारेमा राम्रो अध्ययन र अनुसन्धान पनि आवस्यक पर्छ। यस प्रकारको संगठन संचालन प्रकृयावाट संगठनात्मक संरचना दरो हुन सक्छ । यसरी विभिन्न प्रकारका उत्पादन ईकाइहरूको आफ्नै ससक्त

संगठनात्मक स्वरूपलाई समन्वयात्मक रुपमा संचालनमा ल्याउनु पर्छ । जस्को लागि निम्न अनुसारका इकाइहरूलाई संगठनात्मक संरचना भित्र समावेस गराउनु पर्ने हुन्छ :




## कार्यविधि

यस प्रकारको समितिले स्थानिय स्तरका कृषि तथा वनस्पति जन्य उद्योग व्यवसायलाई व्यवस्थित गर्ने व्यवहारिक आधारशीला तयार गर्ने र त्यस्ता व्यवसायको संरक्षण प्रवर्धन तथा विकास गर्ने सम्पूर्ण व्यवस्था मिलाउने छ । यो समितिको कार्यविधि संक्षिप्त रुपमा स्थानीय स्तरमा परम्परागत रुपमा संचालित व्यवसायको आधारशीलामा स्थापित एवं निर्वाहरत जीवनशैलीलाई अधुनिकताको परिवेशमा प्रवेश गराउन सकृयता राख्ने स्तरमा तयार गर्ने र प्रयोगमा ल्याउनु समेत जरुरीछ।

स्थानीय साधन र श्रोतकै वाहुल्यतामा संचालित हुने यस्ता उद्योग व्यवसायलाई व्यवस्थित गर्न यो समन्वय समितिको प्रमुख भूमिका रहने भएकोले समितिको कार्यविधि तयार गर्न यो विकास अवधारणाको स्वीकृति पश्चात केही समय खर्च गर्नु पर्ने हुन्छ । यद्यपी यस अवधारणा पत्रमा उल्लेख भए अनुसार सम्पन्न गर्नू पर्ने कामहरूलाई व्यवस्थित गर्नेसम्मको सहज र प्रयोगात्मक कार्यविधि तयार गर्नु पर्ने हुन्छ । यसर्थ यो अवधारणा पत्रको ४.१.२.१ मा उल्लेख भएका उदेश्यहरूलाइ समेटेर तयार भएको कार्यविधि उपयोगी हुनेछ।

## संलग्नताको स्वरूप

अवधारणा पत्र स्वीकृत भए पछि मात्र अन्य विषयमा प्रवेश गर्नु उपयुक्त हो तापनि यसको संक्षिप्त प्रकृयागत पक्षलाई उल्लेख गर्नु उचित हुन्छ। समन्वय समिति पूर्वको अवस्था भनेको विशेष कार्यगत एवं पेशागत कार्यसमिति हो। त्यहाँ विभिन्न पेशामा आवद्ध पेशागत समितिहरू हुन्छन् । यस्ता समितिको संलग्नता आफ्नो उत्पादन एवं त्यसवाट हुने वचतलाई आधारित गरेर निर्धारण गरिने छ । यस्ता कार्यसमितिमा आवद्ध हुनको लागि आफ्नो क्षमता र पेशा अनुसार न्यूनतम रु.१००/- र अधिकतम रु.१००००/-सम्मको शेयर हिस्सा लिन सकिने व्यवस्था गर्नु पर्ने छ। यसरी अधिकतम रु.१००००/-लाई एक व्यक्तिको संलग्नता भएको मानि न्यूनतम २५देखि अधिकतम १००० जनासम्म एक समन्वय समिति अन्तर्गत संचालित हुने छन् । यसरी संचालित पेशागत व्यवसायिक समितिलाई आवस्यक पर्ने सम्पूर्ण कार्यलाई व्यवस्थित गर्नुका साथै त्यहाँ उत्पन्न आवस्यकता पूर्ति गर्ने काम समन्वय समितिले गर्ने छ। साथै समितिमा संकलन हुँदै गएको फण्डको आधारमा सो वरावरको रकम सरकारको श्रोतवाट रिभल्भिङ् फण्डको रुपमा प्रदान गरेर यस्ता समितिहरू ससक्त ढंङ्गले परिचालन गर्न सकिने छ।

## सहकारी बैंक

ग्रामिण विकासको लागि प्रत्येक ग्रामिण क्षेत्रको पेशालाई समेट्ने गरी एक समन्वय समिति अन्तर्गत अथवा सो हुन नसके दुई वा तीन समन्वय समिति अन्तर्गत रहने गरी एउटा सहकारी बैंक स्थापना एवं संचालन गरिने छ । साथै यस्तो सहकारी बैंक स्थानीय जनशक्तिवाट संचालित हुने छन् । सहकारी बैंकले समन्वय समितिको निर्देशनमा रहेर आफ्नो कार्यक्षेत्र अन्तर्गतका पेशागत समितिलाई परिचालन गर्न त्यस्ता समिति अन्तर्गत संगठित सम्पूर्ण सदस्यहरूलाई नियमित वचत, सुक्षण वचत र संचालन वचत तथा आवस्यकता अनुसार विभिन्न प्रकारका वचत कार्यक्रम संचालन गरेर पूँजि परिचालन गर्ने छ। यस्तो पूँजि आफ्ना सदस्यहरू भित्रमात्र पेशागत व्यवसाय संचालनको लागि लगानी गरिने छ । आफ्ना सदस्य समूहभन्दा वाहिर लगानी गर्नु पर्ने अवस्था आएमा समन्वय समितिको स्वीकृति अनुसार व्यवसायिक दरमा लगानी गर्ने व्यवस्था समेत कार्यविधिको विस्तृत ढाँचाले स्पष्ट पार्ने छ।

## विकास कार्यक्रमको सुनिश्चितता तथा निरन्तरता सम्वन्धि व्यवस्था

यसरी माथि उल्लेख भएका विकास कार्यक्रम संचालन सम्वन्धि अवधारणाहरूलाई नियमित गर्ने कुरा सधै समस्याको रुपमा रही रहने गरेको छ। जस्को कारण सामाजिक स्तरमा सेवा संचालन प्रकृयाले दिगो स्वरूप ग्रहण गर्न सकेको छैन। यसैले माथि उल्लेख भएका सेवारत संरचनाहरूलाई व्यवस्थित गर्न नयाँ र एउटा ससक्त नियन्त्रण एवं अनुगमन ईकाईको आवश्यकता पर्नेदेखिन्छ। यसले माथि उल्लेख भए अनुरुपका समितिहरू लगायत बैंकको व्यवस्थापन

प्रकृयाको नियमितता माथि समेत निगरानी गर्न सक्छ ।

## विकास कार्यक्रम परिचालन अनुगमन तथा निर्देशन समिती

स्थानीय स्तरमा यसरी प्रस्तावित कार्यक्रमलाई अनुगमन गर्नको साथै निरीक्षण र नियन्त्रण समेत गर्नको लागि एउटा समितिको आवस्यकता महसूस गरिएको छ । यस प्रकारको समितिमा निम्न अनुसारका व्यक्तित्वहरू रहनु उपयुक्त ठानिएको पनि छ :

१. नेपाल सरकारको क्याविनेट स्तरको मन्त्रि वा सो सरहको अधिकारप्राप्त स्वच्च छवि भएको विशिष्ठ व्यक्ति -संयोजक
२. कानुन विद् एवं कानुन व्यवसायी भै कम्तिमा पाँच वर्ष सेवा गरेको अथवा न्यायिक सेवाको कम्तिमा उपसचिव स्वरवाट निवृत स्वच्छ छवी भएको व्यक्ति मध्येवाट नेपाल सरकारले मनोनित गरेको एकजना -सदस्य
३. योजना विद् मध्येवाट राष्ट्रिय योजना आयोगवाट मनोनित एकजना - सदस्य
४. सम्वन्धित क्षेत्रको प्राविधिक मध्येवाट संयोजक स्वयंले मनोनित गरेको एकजना सदस्य -सदस्य
५. नेपाल सरकारको सम्वन्धित क्षेत्रको प्रशासक -सदस्य सचिव

यसरी पाँच सदस्यीय समिती वने पछि माथि उल्लेख भएका सेवाहरू व्यवस्थित एवं नियमित गर्ने कार्यलाई सुनिश्चित गर्न सकिन्छ ।

माथि उल्लेख भएका समितिलाई सवल वनाउन सुरुमै होसियार हुनु जरुरी हुन्छ। वास्तवमा यो व्यवहारिक विकास अवधारणा हाम्रो आर्थिक एवं सामाजिक धरातललाई गम्भिरतापूर्वक ग्रहण गरेर तयार गरिएको हो । जस्ले गर्दा यसलाई पूर्णता दिन अझ पनि धेरै समय खर्च गर्न वाँकी नै रहन्छ। जस्तो सुकै अवस्था देखापरे पनि सरकारले जनतामा शान्ति सुव्यवस्था कायम राख्नु र सहज एवं समुन्नत शैलीमा जीवन निर्वाह गर्ने वातावरण मिलाउनु पर्ने हुन्छ। वास्तवमा यो सरकारको कर्तव्य पनि हो।

यसर्थ यसरी गठन गरिने समिति मुलुकका संघीय संरचना अनुसारका क्षेत्रमा गठन गरी संचालनमा ल्याउने र यस्ता समितिलाई क्याविनेट स्तरको मन्त्रिले संयोजन गर्ने व्यवस्था गर्दा वढि भरपर्दो विश्वसनीय र सशक्त हुनेदेखिन्छ। यसरी कार्यरत समितिलाई मन्त्रि परिषदको निर्णय अनुसार अधिकार सम्पन्न गराउने र त्यसै अनुसार संचालनमा ल्याउनु पर्छ।

## समिति संचालन प्रकृया -

जनताको जीवनस्तर उठाउने कुरा त्यति सहज र सरल हुँदैन तापनि जटिल परिवेशमा मात्र यसलाई खोज्न थालेमा यो काम कहिल्यै संचालनमा ल्याउन सकिदैन। यसर्थ यसलाई सरल तरिकाले संचालनमा ल्याउन आईपर्ने जटिलता जति कार्यक्रम तर्जुमा प्रकया तयरी तथा कार्यान्वयनको नेतृत्व गर्नेले नै वहन गर्नु पर्छ। कार्यक्षत्रमा भने यसलाई सहज र सरल ढङ्गले संचालनमा ल्याउने आधार वन्नु पर्छ ता कि साधारण जनताले समेत यो मेरो कार्यक्रम हो भनेर खुशीसाथ सहभागी हुने र यसको प्रतिफल प्राप्त गर्ने अवसर प्राप्त गर्न सक्नेछन्।

कार्यक्रम संचालनलाइ सहज वनाउन केन्द्रीय स्तरमा निरन्तर कार्यरत रहने गरी स्थानीय विकास मन्त्रीको अध्यक्षतामा एउटा विशेषज्ञहरूको कार्यदल तयार हुनुपर्छ । यो कार्यदलले योजना आयोग र सम्पूर्ण विकास निकायसंग समन्वय गरी कार्यक्रम तर्जुमा, कार्यान्वयन प्रकृया समेत निर्धारण गर्ने छ। यसै कार्यदलले स्थानीयस्तरमा कार्यक्रम संचालन सम्वन्धि तालिम सेमिनार गोष्ठी जस्ता विकासात्मक कार्य संचालन सामग्री तयार गर्नुको साथै क्षेत्रीय स्तरका समितिले आवस्यक ठानेमा त्यस्ता क्षेत्रले वनाएका कार्यक्रममा समेत सहयोग गर्ने व्यवस्था मिलाउनु पर्छ।

## स्थानीय स्तरमा कार्यरत राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका गैरसरकारी संस्थाको कार्यक्रम परिचालन

यो व्यवहारिक विकास अवधारणा अनुरुप जुनसुकै संस्था वा सहयोगी निकायले समेत स्थानीय स्तरमा विकास कार्यक्रम संचलनमाल्याउनु पर्दा क्षेत्रीय स्तरमा कार्यरत विकास कार्यक्रम परिचालन अनुगमन तथा निर्देशन समितीलाई माध्यम वनाउनुका साथै यसै समितिको मातहतमा रहेर कार्यक्रम संचालन गर्नु पर्ने छ।

## एकिकृत कार्यक्रम संचालन व्यवस्था -

कार्यक्रम संचालनको प्रकृया संगै जाउ अभियानमा आधारित हुनुपर्छ । यो अवधारणा अनुसार कुनैपनि संस्था वा निकायले कार्यक्रम संचालनमा ल्याउन खोजेको उदेश्य अनुरुपको उपलब्धि प्राप्त गर्न सकिन्छ । यसर्थ स्थनीय स्तरमा पूर्ववत संचालित र संचालनमा ल्याईने नयाँ कार्यक्रमहरू विकास कार्यक्रम परिचालन अनुगमन तथा निर्देशन समितिले एकिकृत रुपमा संचालनमा ल्याउने व्यवस्था मिलाउने छ। यसरी कार्यक्रम संचलनमा ल्याउँदा समन्वयात्मक वातावरण वन्ने र कार्यक्रम संचालकलाई कार्य संचालनमा सहयोग पुग्नुका साथै स्थानीय स्तरका उपभोक्ताहरू समेत लाभान्वित हुन सक्दछन्। यसरी एकिकृत रुपमा कार्यक्रम संचलनमा ल्याउँदा उपलव्ध सम्पूर्ण श्रोतको सही प्रयोग हुने र समग्रमा राष्ट्रको विकास कार्यक्रममा तीव्रता आउँन सक्छ।

## विकास - शान्ति र सम्वृद्धिको समष्ठिगत स्वरूप

विकास भनेर हुने कुरा होइन । फेरी आतङ्कित समाजमा यो कुरा संभव पनि छैन । विकास भनेको वास्तवमा शान्ति र

सम्बृद्धिको समष्ठिगत स्वरूप हो । जहाँ शान्ति छ त्यहाँ सम्वृद्धि हुन्छ अनि विकासको सिङ्गो परिकल्पना साकार हुन्छ। अज उत्पन्न भएका आतङ्क र भैभगडा एवं सामाजिक कलह जति अभाव र उत्पीडनका उपज हुन् । यसैले यस्ता कुरालाई समयमै निराकरण गर्न माथि उल्लेख भएका समितिहरूको खाँचो देखा पर्छ। किनभने माथि उल्लेख भएका समितिहरूमा समाजका सम्पूर्ण पेशा र वर्गका व्यक्तित्वलाई समेटेर काममा ल्याईसकेपछि लडाई, कलह भैभगडा गर्ने फूर्सद कसैलाई हुँदैन। जस्ले गर्दा समाजमा स्थायी शन्ति कायम हुनुका साथै प्रगतीका मार्ग प्रसस्त हुन थाल्दछन्। यसर्थ क्षेत्रीयस्तरका निर्देशन समितिले नै आफ्नो क्षेत्र भित्र शान्ति सुव्यवस्था कायम गर्दै विकास निर्माण कार्यक्रम समेत संचालन गर्ने व्यवस्था मिलाउनु पर्ने हुन्छ।

**अन्तमा**

राष्ट्रको विकास कार्यक्रमलाई तीब्रताका साथ संचालनमा ल्याउनको लागि सहयोग पुग्ने हेतुले माथिको कार्यक्रम अवधारणा तयार गरिएको छ। यस प्रकारको योजना देशभर लागु भएमा देशका प्रत्येक क्षेत्रमा कृषि फर्महरू तयार हुँदैजाने र त्यस्ता फर्महरूमा साधारण कृषकहरूको सहभागिता बढ्दै जान सक्छ। देशभर यस्ता व्यवसायमा जनशक्ति समाहित हुँदै जाने हुँदा देशमै रोजगारीको प्रसस्त व्यवस्था हुन सक्ने भएकोले रोजगारीको लागि विदेश गैरहनु पर्ने अवस्था रहँदैन । यो कार्यक्रमले देशको आर्थिक अवस्थामा प्रसस्त मात्रामा सुधार ल्याउन सक्छ। वास्तवमा देशको विकासको लागि यो नै सवल र भरपर्दो उपाय हो।

यो अवधारणा पत्र तयार भएको छ तापनि यसमा प्रसस्त छलफल र विचार विमर्स हुन सधैं वाँकी नै रहन्छ तापनि यो कार्यक्रमले प्रयोगमा आउने वाटो पाउने छ भन्ने आशा गर्न सकिन्छ। यसर्थ यसरी सक्षिप्तमा तयार भएको अवधारणा पत्रलाई कार्यान्वियनमा ल्याउन नेपाल सरकार समक्ष आग्रह गरिएको छ। खास गरेर यो अवधारणा पत्र शान्ति अमन चैन र विकास कार्यक्रम कार्यान्वयनको तीव्र चाहना समेटेर गम्भिरतापूर्वक जनताको समस्यालाई समाधान गर्ने उपायको खोजिको रुपमा तयार गरिएको हो। अब नेपाल सरकारले यसलाई परिमार्जन गरेर प्रयोगमा ल्याउनेमात्र काम बाँकी रहन्छ। यसरी यो कार्यक्रमलाई व्यवहारिक तरिकाले प्रयोगमा ल्याउन सके कुनै एक क्षेत्रमात्र नभएर सवै क्षेत्रका वस्तिवस्ति र घरघरमा आर्थिक विकासको कार्यक्रमले स्थान पाउन सक्छ । यसवाट जनताको जीवनस्तर उठाउन जनता स्वयंनै अधिकार संम्पन्न हुने र आफ्नो काम आफै गर्ने जिम्मेवारीपूर्ण अवस्था वन्न सक्ने भएकोले यो कार्यक्रम संचालनमा ल्याउने वातावरण वनाउनु वास्तवमा विकासको सार्थक प्रतिफल जनतासम्म पुर्‍याउनु हो भन्नुमा अत्युक्ति रहँदैन।

***लेखकः शिव अधिकारी स्थानीय तहको विशेषज्ञ तथा पूर्व प्राध्यापक हुनुहुन्छ।***

# बुढीगंगा बाजुरा जिल्लाकै उत्कृष्ट पालिका



स्थानीय सरकार संस्थागत क्षमता स्वमूल्यांकन प्रणाली (लिजा)मा बुढीगंगा नगरपालिका बाजुरा जिल्लाकै उत्कृष्ट भएको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको आर्थिक वर्ष ०७९/८० को स्वमूल्यांकनको प्रतिवेदनअनुसार बुढीगंगा नगरपालिका ८४.५) अंकसहित जिल्लाकै पहिलो भएको हो । ८०.२५ अंक ल्याउँदै जगन्नाथ गाउँपालिका दोस्रो हुँदा तेस्रो नम्बरको गौमुल गाउँपालिकाले ७१.२५ अंक ल्याएको छ।

यसैगरी, स्वामिकार्तिक खापरको ७१, खप्तड छेडेदहको ६९.५०, बडिमालिका नगरपालिकाको ६६.७५ अंक रहेको प्रतिवेदनमा उल्लेख छ। त्रिवेणी नगरपालिकाले ६२.७५, बुढीनन्दा नगरपालिकाले ४८.७५ र हिमाली गाउँपालिकाले ४६.५० अंक ल्याएका छन्।

यसअघि सार्वजनिक लिजाको प्रारम्भिक नतिजामा जगन्नाथ गाउँपालिका जिल्लाकै उत्कृष्टदेखिए पनि गुणस्तर परीक्षणको अन्तिम नतिजामा बुढीगंगा पहिलो भएको जिल्ला समन्वय समिति बाजुराका कार्यालय प्रमुख दीपेन्द्र पाण्डेले बताए।

# स्थानीय तहमा डरलाग्दो भ्रष्टाचार

निगरानी ब्यूरो। देशमा संघीयता लागु भएयता स्थानीय तहमा विकास भन्दा पनि विनास र अनियमितताको चुचुरो बन्न पुग्यो । स्थानीय व्यक्तीलाई निर्वाचित गरेसंगै आफूअनुकूल निर्माण गरेका मापदण्ड र कार्यविधिकै कारण विकासमा भन्दा अनियमितता बढी हुदै गएको भन्दै सरकारी निकायमा उजुरी दिनेक्रमले पनि सो कुराको पुष्टी हुन गएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगदेखि महालेखाको प्रतिबेदनमा समेत स्थानीय निकायमा विकासभन्दा बढी अनियमितता र भ्रष्टाचार भएकोभन्दै उजुरी दिनेक्रम रोकिनेभन्दा झनझन बृद्धि हुदै गएको तथ्याङ्क सार्वजनिक भएको छ।



हालसम्म कुल उजुरीमध्ये ३५ प्रतिशत भन्दाबढी स्थानीय तहसँग सम्बद्ध उजुरी रहेको पाइएको छ। ०५४ साल यता एकै पटक २० वर्षपछि २०७४ मा स्थानीय तहको निर्वाचन भयो । निर्वाचनमा ७ खर्बभन्दा बढी खर्च भयो।

तत्कालीन गाविस गाउँपालिकामा रुपान्तरित भए। गाविसहरू जोडेर नगरपालिका र नगरपालिका जोडेर उमहानगरपालिका हुँदै महानगरपालिका बनाइए।

कुल ७५३ स्थानीय तहमा नेपाली कांग्रेस, एमाले, माओवादी, राप्रपासँगै मधेसवादी दलहरू र अन्य दलले प्रतिस्पर्धा गरेका थिए। चुनावमा मिश्रित परिणाम आयो।

जन्मदर्ता, मृत्यु दर्ता जस्ता कामहरू सदरमुकाममै धाउनुपर्ने बाध्यता हट्यो । तर, सेवाग्राहीलाई कानुनी वैधतामै रहेर दिनुपर्ने सेवालाई केही स्थानीय तहका प्रमुख र कर्मचारीले 'लेनदेन' मा सेवा दिन थाले।

चाहे त्यो घरबाटोको सिफारिस होस् वा घर सम्पूर्ण भएको प्रमाणपत्र दिन नै किन नहोस्, सेवाग्राहीबाट घुस मागेका घटना केही वर्ष यता धेरै सार्वजनिक भएका छन्।

पालिका प्रमुखहरूले पालिकामा चाहिने पूर्वाधार जोड्ने नाममा नीतिगत भ्रष्टाचार गर्न थाले। कर्मचारीले पनि 'मेयरसाबलाई बुझाउनुपर्छ' भन्दै सेवाग्राहीबाट रकम असुली गर्न थाले।

सुरुसुरुमा त कसैले उजुरबाजुर गरेनन्। सचेत सेवाग्राहीले भने भटाभट अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी हाले । तबमात्रै स्थानीय तहमा सल्किएको भ्रष्टाचारको जालो बाहिर आउन थाल्यो।

महालेखा परीक्षकको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७०/८० मा ७४६ स्थानीय तहको ११ खर्ब ३७ अर्ब ४ करोड १० लाख रुपैयाँको लेखापरीक्षण सम्पन्न भएकोमा ३५ अर्ब ६६ करोड ६३ लाख बेरुजुदेखिएको छ।

४ अर्ब ८३ करोड ९ लाख फस्यीट गरेकाले ३० अर्ब ८३ करोड ५३ लाख बेरुजु फस्यीट हुन बाँकीदेखिन्छ । जसमध्ये असुल गर्नुपर्ने ४ अर्ब ९ करोड १८ लाख, नियमित गर्नुपर्ने २३ अर्ब ९२ करोड ८८ लाख र म्याद नाघेको पेस्की २ अर्ब ८१ करोड ४८ लाख रूपैयाँ बाँकी छ।

त्यसैगरी २ वटा स्थानीय तहको २०७७/७८ र २०७८/७९ को २ अर्ब १४ करोड ९५ लाख रूपैयाँको लेखापरीक्षणबाट १७ करोड ९८ लाख बेरुजुदेखिएको प्रतिवेदन सार्वजनिक भएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पछिल्ला वर्षमा सबैभन्दा धेरै भ्रष्टाचार स्थानीय तहमा भएको औंल्याएको छ । स्थानीय तहमा कार्यरत कर्मचारी झन् भ्रष्ट बनेका छन् कर्मचारीले स्थानीय तहका जनप्रतिनिधिलाई समेत भ्रष्ट बनाएको अख्तियारको आरोप छ।

अख्तियारले स्थानीय तहमा हुने भ्रष्टाचारका विषयलाई लिएर केही वर्षअघि एक सर्वेक्षण गरेको थियो। सातवटै प्रदेशबाट १५

वटा जिल्लालाई समेटेर तयार पारिएको सर्वेक्षण प्रतिवेदनले स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिहरू सबैभन्दा बढी भ्रष्टाचारमा लिप्त भएको देखाएको थियो ।

अख्तियारमा दर्ता हुने उजुरीमध्ये करिब ३४ प्रतिशत स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिसँग सम्बन्धित भएकाले त्यसलाई न्यूनीकरण गर्न ६१ बुँदे निर्देशनसमेत दिइएको थियो। तर स्थानीय जनप्रतिनिधि र कर्मचारीले त्यसलाई पालना गरेका छैनन् । निर्देशन पालना नभएपछि अख्तियारले उजुरीउपर छानबिन गरी विशेष अदालतमा मुद्दा दर्ता गर्दै आएको छ।

चालु आर्थिक वर्षको हालसम्म चार हजार पाँच सय २४ वटा उजुरी अख्तियारमा परेका छन। अघिल्लो आर्थिक वर्षबाट सरी आएका आठ हजार दुई सय उजुरी थिए। यी दुवै गरी अख्तियारमा १२ हजार ७२४ उजुरी छन् चार हजार तीन सयभन्दा बढी उजुरी स्थानीय तहसँग सम्बन्धित छन् ।

## कसरी मौलायो स्थानीय सरकारमा भ्रष्टाचार ?

खोज पत्रकारिता केन्द्रले २२ जेठ २०७५ मा प्रकाशन गरेको सामाजिक विकास नहेरी बजेट जति बाटोमा शीर्षकको रिपोर्टले स्थानीय तहले सामाजिक विकासलाई बेवास्ता गर्दै 'कमिशन' को लोभमा अधिकांश बजेट सडक निर्माणमा विनियोजन गरेको तथ्य सार्वजनिक गरेको थियो।

जीवनजल वा सामान्य औषधिको अभावमा नागरिकले जीवन गुमाइरहँदा पालिकामा लाखौं रुपैयाँ मन्दिर वा काउलीका मूर्ति बनाउन विनियोजन गरिएको छ। नागरिक तहमा सङ्घीयता विरोधी मनोविज्ञान बढ्नुमा विकासका यस्तै गलत अभ्यासले भूमिका खेलेका छन् ।

## अख्तियारका अनुसार स्थानीय तहमा यसरी हुने गर्छ भ्रष्टाचार

केही स्थानीय तहले सभाबाट बजेट स्वीकृत नगराई तथा स्वीकृत बजेट शीर्षकभन्दा बाहिर गई अनियमित तरिकाले खर्च लेख्ने गरेका, पूँजीगत शीर्षकबाट चालूमा समेत रकमान्तर गर्ने तथा तोकिएको सीमाभन्दा बढी रकमान्तर गर्ने गरेको ।

स्थानीय तहको कोषबाट कानुन विपरीत हुने गरी जथाभावी आफू निकटका व्यक्ति वा संस्थालाई आर्थिक सहायता बापत ठुलो रकम वितरण गर्ने गराउने गरिएकोदेखिएको

स्थानीय तहका पदाधिकारीहरूले कानुनद्वारा प्रदत्र् अधिकार क्षेत्र नाघेर निर्णयहरू गर्ने गरेको

वास्तविक सरोकारवाला स्थानीय बुद्धिजीवि, विज्ञहरू एवं सीमान्तिकृत वर्गको सहभागिता गराई स्थानीयस्तरमा योजना तर्जुमा, बजेट विनियोजन र कार्यान्वयन गर्नुपर्नेमा सो नगरी राजनीतिक तथा प्रशासनिक पहुँच भएकाहरूले आ-आफ्ना योजना छनौट गर्ने, उपभोक्ता समितिमा समेत तिनै व्यक्तिहरू रहने गरेकोदेखिएको साथै राजनीतिक उद्देश्यले गठित संस्थाहरूमा समेत बजेट विनियोजन गर्ने गरेको पाइएको

औचित्य, उद्देश्य र दीर्घकालीन रणनीतिबिना नै विभिन्न लक्षित कार्यक्रमहरूमा बजेट विनियोजन तथा स्वीकृत गर्ने तथा निहित स्वार्थको द्वन्द्व ।

विकास निर्माणका कार्यहरू सञ्चालन गर्दा एउटै कामलाई दोहोरो देखाई झुट्टा बिल भर्पाई एवं विवरण बनाई भुक्तानी लिने गरिएको पाइएको छ ।

उपभोक्ता समितिमार्फत् हुने गरेका स्थानीय पूर्वाधार निर्माणमा कानुन विपरीत हेभि इक्युपमेन्ट प्रयोग हुने गरेको, प्रतिस्पर्धा गराई ठेक्का मार्फत् गर्नुपर्ने कतिपय कामहरू मिलेमतोमा प्रतिस्पर्धा बेगर उपभोक्ता समितिमार्फत् कार्य गरेको देखाई उपभोक्ता समितिले पनि ठेक्का लगाउने गरेको ।

अध्येता स्टेन विडमल्मको सन् २००८ मा प्रकाशित पुस्तक विकेन्द्रीकरण, भ्रष्टाचार र सामाजिक पूँजीः भारतदेखि पश्चिमसम्ममा अल्पविकसित देशमा जुन मात्रामा राजनीतिक र संवैधानिक अधिकार तल्लो तहमा हस्तान्तरण गरिन्छ त्यही मात्रामा सार्वजनिक खर्च अनुगमनका संयन्त्र पुर्याउन नसक्दा भ्रष्टाचारको विकेन्द्रीकरण हुन पुग्ने उल्लेख गरेका छन् । नेपालमा पनि अनुगमन, मूल्याङ्कन तथा भ्रष्टाचार नियन्त्रणका संयन्त्रको विकेन्द्रीकरण छैन ।

## स्थानीय सरकारमा भ्रष्टाचार सम्बन्धी उजुरीको संख्या ह्वातै बढ्यो

स्थानीय तहको सार्वजनिक खरिद एवं विकास निर्माणको कार्यमा सेटिङ र मिलेमतोको गलत प्रवृत्रि् बढ्दै गएको छ। मूलतः राजनीतिक एवं प्रशासनिक पदाधिकारीहरू यसतर्फ बढी जिम्मेवार रहेका छन् ।

तुलनात्मक रूपमा स्थानीय तहमा वित्तीय अनुशासन एवं सुशासन कमजोर भएको पाइएको छ। यसका कारण यस तहको सरकारप्रतिको विश्वसनीयता समेत कमजोर भएको छ।

सार्वजनिक निकायहरूमा हुने अनियमित एवं भ्रष्टाचारजन्य कार्यको नियन्त्रण गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत अन्य केही नियामक निकाय जिम्मेवारीमा रहेका छन् ।

भ्रष्टाचारजन्य कार्यको नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्रियाशीलता अपेक्षाकृत सराहनीय भए पनि अन्य जिम्मेवार निकायहरूको भूमिका सक्रिय हुन सकेको छैन। स्थानीय तहका सार्वजनिक निकायहरूमा हुने भ्रष्टाचारजन्य कार्यको

निगरानी, नियमन एवं नियन्त्रणको पहिलो जिम्मेवारी सम्बन्धित निकाय प्रमुखले नै लिनुपर्ने हुन्छ।

देशभरका स्थानीय तहको साझा समस्याका रूपमा रहेको भ्रष्टाचार नियन्त्रणका लागि सम्बन्धित निकायका प्रमुखहरू सरोकारवालाहरू समेतको सहकार्यमा जिम्मेवार र अग्रसर हुनु जरुरी भएको छ। स्थानीय तहदेखि सङ्घीय तहसम्म कायमै रहेको भ्रष्टाचारजन्य प्रवृत्रि् नियन्त्रण गर्नु सरकारको वर्तमान प्रमुख चुनौती भएको छ। सार्वजनिक निकायअन्तर्गतको सार्वजनिक खरिदलाई नियमसङ्गत गर्ने गराउने दायित्व भएका सम्बन्धित निकायहरूले यस कार्यलाई प्राथमिकता राख्नु जरुरी भएको छ। भ्रष्टाचार नियन्त्रण गर्ने कार्यलाई सघाउने उद्देश्यले कार्यान्वयनमा ल्याइएको सुशासन ऐनमा सार्वजनिक निकायहरूको जिम्मेवार पदमा रहने व्यक्तिले अन्तर्गत निकायको नियमित निरीक्षण, निगरानी, नियन्त्रण गर्नुपर्ने व्यवस्था गरेको छ ।

सचिवले मन्त्रालय वा संवैधानिक निकाय वा केन्द्रीयस्तरका कार्यालय वा सो मातहतका विभागीय प्रमुख वा आयोजना प्रमुखले सञ्चालन गरेका आयोजनाको समयसमयमा निरीक्षण गरी आवश्यक निर्देशन दिने, निरीक्षण गर्दा सञ्चालन भएका आयोजना समयमा पूरा हुन नसकेको पाइएमा वा पूरा भएको आयोजनाको गुणस्तर न्यूनदेखिएमा त्यसको आवश्यक छानबिन गरी दोषीदेखिएका सम्बन्धित विभागीय प्रमुख वा आयोजना प्रमुखलाई आवश्यक कारबाही गर्ने व्यवस्था गरेको छ।

# स्थानीय तह स्वमूल्याङ्कनमा सूर्योदय जिल्लाकै उत्कृष्ट स्थानीय तह

सूर्योदय नगरपालिका स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (लिजा) मा जिल्लाको स्थानीय तहमध्ये उत्कृष्ट स्थानीय तह भएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको आर्थिक वर्ष २०७९/८० को पछिल्लो नतिजाअनुसार सूर्योदय नगरपालिका जिल्लाकै उत्कृष्ट स्थानीय तह भएको हो।

जिल्लाका १० स्थानीय तहमध्ये सूर्योदय नगरपालिकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन लिजामा ९६ प्रतिशत ल्याएर जिल्लाकै उत्कृष्ट स्थानीय तह भएको हो। सूर्योदय नगरले समग्र स्थितिमा शतप्रतिशत, प्रक्रियागत स्थितिमा ९५ दशमलव ५ प्रतिशत र परिमाणात्मक स्थितिमा ९४ दशमलव ४४ प्रतिशत अङ्क ल्याएको छ।

त्यस्तै जिल्लाको पुरानो नगरपालिका इलाम नगरपालिले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन लिजामा ९६ प्रतिशत नै ल्याएर जिल्लाको दोस्रो उत्कृष्ट स्थानीय तह भएको छ। इलाम नगरपालकाले समग्र स्थितिमा शतप्रतिशत, प्रक्रियागत स्थितिमा ९४ दशमलव १२ प्रतिशत र परिमाणात्मक स्थितिमा ९५ दशमलव ५६ प्रतिशत अङ्क ल्याएको छ।

फाकफोकथुम गाउँपालिकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन लिजामा ८६ दशमलव २५ प्रतिशत ल्याएर जिल्लाको तेस्रो उत्कृष्ट स्थानीय तह भएको छ। सन्दकपुर



गाउँपालिकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन लिजामा ८२ दशमलव २५ प्रतिशत ल्याएर जिल्लाको चौथो उत्कृष्ट स्थानीय तह भएको छ।

देउमाई नगरपालिकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन लिजामा ७५ दशमलव २५ प्रतिशत ल्याएर जिल्लाको पाँचौ उत्कृष्ट स्थानीय तह भएको छ। रोङ गाउँपालिकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन लिजामा ७) प्रतिशत ल्याएर जिल्लाको छैटौं उत्कृष्ट स्थानीय तह भएको छ। माङसेबुङ गाउँपालिकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन लिजामा ६९ दशमलव ७५ प्रतिशत ल्याएर जिल्लाको सातौं उत्कृष्ट स्थानीय तह भएको छ।

# लिजा र (एफआरए) नतिजा गुणस्तर परीक्षणमा रुरु गाउँपालिका उत्कृष्ट

गुल्मी कार्यसम्पादनमा अब्बल बन्दै गएको गुल्मीको रुरुक्षेत्र गाउँपालिका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा) को नतिजा गुणस्तर परीक्षणमा उत्कृष्ट बनेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको लिजाको नतिजा गुणस्तर परीक्षणमा गाउँपालिका मध्येबाट देशभरकै दोस्रो र लुम्बिनी प्रदेशमा पहिलो गाउँपालिका बनेको सार्वजनिक परीक्षणमा उल्लेख छ।

आर्थिक वर्ष २०७९-०८० को लिजाको नतिजा गुणस्तर परीक्षण क्रममा गुल्मी जिल्लाका दुई नगरपालिका र दश गाउँपालिका गरी १२ स्थानीय तहमध्ये यस रुरुक्षेत्र गाउँपालिकाले ८७.० प्रतिशत अङ्क प्राप्त गर्दै उत्कृष्ट गाउँपालिका भएको छ।

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकार संस्थागत क्षमता स्वमूल्ययांकन प्रणाली (लिजा) र (एफआरए) ले सार्वजनिक गरेको आर्थिक ०७९/८० को स्वमूल्यांकनको प्रतिवेदन अनुसार ४६० गाउँपालिका मध्ये यस रुरु गाउँपालिकाको गुणस्तर परीक्षण पछि कायम (लिजा) ८७.० र एफआरए ९५.५ अंकमा उत्कृष्ट भएको हो।

रुरु गाउँपालिका स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (एफआरए) मा रुरु गाउँपालिका ९५ दशमलव ५ प्रतिशत अङ्क प्राप्त गरेको मन्त्रालयबाट सम्पन्न भएको (एफआरए)को नतिजा गुणस्तर परीक्षणमा उल्लेख गरिएको छ। यस गाउँपालिकाले (एफआरए) मा योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन २१ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रणाली (लिजा) शासकीय प्रबन्धमा ९दशमलव ० अङ्क, संगठन तथा प्रशसनमा ८ दशमलव ०, बार्षिक बजेट ब्यावस्थापनमा ११ दशमलव ०, वित्तीय एवं आर्थिक ब्यावस्थापनमा १० दशमलव ७५, सार्वजनिक सेवा प्रवाहमा १५ दशमलव ५, न्यायिक कार्यसम्पादनमा ५ दशमलव०, भैतिक पूर्वाधारमा १० दशमलव ५, सामाजिक समावेशीकरण १० दशमलव०, वातावरण संरक्षण तथा विपद्व्यवस्थापनमा ७ दशमलव ५ र सहकार्य समन्वयममा ६ दशमलव ० प्राप्तगरेको दावी अकमा ९३ दशमलव २५ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलयले स्थानीय सरकार संस्थागत क्षमता स्वमूल्यांकन प्रणाली (लिजा) ले ८७ दशमलव ० अङ्क दिएको हो।

त्यस्तै स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (एफआरए) मा योजना, बजेट तथा कार्यक्रम व्यवस्थापनमा २१.०, कार्यान्वयन क्षमता तथा व्यवस्थापनमा २७.५, लेखाङ्कन तथा प्रतिवेदनमा १७.०, अनुगमन, मुल्यांकन तथा लेखापरीक्षणमा १५.०, राजस्व व्यवस्थापनमा १५ गरी कुल ९५.५ अंङ्क प्राप्त गरेको छ।

स्थानीय तहको कार्य-प्रक्रिया र उपलब्धिको लेखाजोखा गरी शासकीय प्रक्रिया र विकास व्यवस्थापनमा गर्नुपर्ने सुधारका क्षेत्रहरू पहिचान गर्ने, आवधिक समीक्षाको आधार प्राप्त गर्ने र स्थानीय सरकारबिच स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराउने उदेश्यले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन गरिने मन्त्रालयले जनाएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले लिजाको गुणस्तर परीक्षणको क्रममा उत्कृष्ट तीन नगरपालिका र तीन गाउँपालिकालाईसम्मान गरेको थियो।

स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनको लागि तय भएका विभिन्न दश वटा क्षेत्रका १०० वटा सूचकमा आधारित भएर नीति तथा कार्यक्रम, गाउँसभा तथा कार्यपालिका बैठक सञ्चालन, विभिन्न कार्यक्रम सञ्चालन लगायतका क्रियाकलापहरूमा समन्वयात्मक किसिमले कार्ययोजना सहित कार्य सम्पादन गरेमा उत्कृष्ठ नजिता र अपेक्षित उपलब्धी हासिल गर्न सकिने छ।


## गोरखा नगरपालिकाको अनुरोध

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गरौं।
- लैंगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।

**कृष्ण ब. राना मगर**
नगर प्रमुख

**मसली माया थोकर**
नगर उप-प्रमुख

**कृष्ण प्रसाद सुवेदी**
प्रमुख प्रशासकीय अधिकृत

**गोरखा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
गोरखा, गण्डकी प्रदेश, नेपाल

# स्थानीय सरकार संस्थागत क्षमता मूल्याङ्कनमा रत्ननगर देशभरमै तेस्रो, प्रदेशमा दोस्रो

चितवनको रत्ननगर नगरपालिका देशभरका स्थानीय तहहरूमध्ये उत्कृष्ट ९१ द्यशमलव ५ अङ्क प्राप्त गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०७९/८० को नतिजाअनुसार स्थानीय सरकार संस्थागत क्षमता मूल्याङ्कनमा रत्ननगर देशभरका स्थानीय तहमध्ये तेस्रो र बागमती प्रदेशमा दोस्रो भएको हो ।

रत्ननगर नगरपालिका स्थानीय सरकार संस्थागत क्षमता स्वमूल्याङ्कन प्रणाली लिजा चितवन जिल्लामा दोस्रो नगरपालिका हो । देशभरका नगरपालिकामध्ये संस्थागत क्षमता मूल्याङ्कनमा धादिङको नीलकण्ठ नगरपालिका ९२ दशमलब ५ अङ्क प्राप्त गरी पहिलो र रुपन्देहीको तिलोत्तमा नगरपालिका ९२ अङ्क प्राप्त गरी दोस्रो भएका छन् ।

चितवनको रत्ननगर नगरपालिका नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलयले स्थानीय सरकार संस्थागत क्षमता स्वमूल्ययांकन प्रणाली (लिजा) र (एफआरए) ले सार्वजनिक गकी आर्थिक ०७९/८० को स्वमूल्यांकनको प्रतिवेदन अनुसार २७६ नगरपालिका मध्ये गुणस्तर परीक्षण पछि कायम (लिजा) (९।५ अंकका साथ तेस्रो स्थानमा उत्कृष्ट हुन सफल भयो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देशभरीका ७५३ वटै स्थानीय सरकारको संस्थागत क्षमता मूल्यांकन गरेको थियो । मन्त्रालयले स्थानीय सरकारको क्षमता मूल्यांकनका लागि १० क्षेत्र र सूचक तोकेको थियो ।



यस पालसिकाले शासकीय प्रवन्धमा ९, संगठन तथा प्रशासनमा ७ दशमलव ७५, बार्षिक बजेट तथा योजना तर्जु व्यवस्थापनमा ७ दशमलव ७५, वित्तिय एवंम् आर्थिक ब्यवस्थापनमा १० दशमलव ७५, सेवा प्रवाहमा १४ दशमलव २५, न्यायीक कार्यसम्पादनमा ७, भौतिक पूर्वाधारमा ११ दशमलव २५, समाजिक समावेशीकरणमा १० र वाताबरण संरक्षण तथा विपत् व्यवस्थापनमा ७ दशमलव ७५ अंक सहित कुल ९१ द्यशमलव ५ अंक प्राप्त गरेको छ ।

शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजे तथा योजना व्यवस्थापन, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य र समन्वय गरी १० वटा क्षेत्र र त्यसमा फरक फरक पूर्णांक तोकिएको थियो । यस रत्ननगर पालिकाले कुल ९८ दशमलव ० अंक दावी माग गरिएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ९१ दशमलव ५ अंक प्राप्तङ्क गर्दै तेस्रो हुन सफल भयो ।

आरुघाट गाउँपालिकाको अनुरोध

» आफ्नो घर-आँगन सफा राखौं ।
» विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
» गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण गरौं ।
» बालबालिकालाई विद्यालय पठाऔं ।
» बालबालिकालाई काममा नलगाऔं ।
» गाउँपालिकाभित्र सञ्चालन हुने सम्पूर्ण व्यापार व्यवसाय गाउँपालिकामा मात्र दर्ता गरेर सञ्चालन गर्ने ।
» गाउँपालिकालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण कर समयमै भुक्तानी गरि जरिवानाबाट बचौं।
» हावाहुरी चल्ने समयमा जथाभावी आगो नबालौं ।
» व्यक्तिगत घटना दर्ता, विवाह, बसाई-सराई, जन्मदर्ता, विवाहदर्ता समयमै गरौं ।
» आगो बाल्नु परे काम सकिनासाथ तुरुन्त निभाउने गरौं ।

आरुघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा, गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष

कल्पना नेपाली
उपाध्यक्ष

भिमसेन श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

# पलेशाले बढाइन् देशको गौरव

फ्रान्सको पेरिसमा रहेको ग्रान्ड प्यालेसमा पलेशा गोबर्द्धन रिङमा भिड्दै गर्दा नेपाली गोलार्द्धतिर मध्यरात भइसकेको थियो । गत शनिबार बिहानमात्रै संसारभरि छरिएका नेपालीमा एउटा हर्षको सञ्चार भयो-पलेसाले कास्य पदक जितिन् । नेपालको खेल इतिहास अझ भनौं ओलम्पिक इतिहासमा पलेसाले ल्याएको यो ऐतिहासिक पदक हो । यसअघि यस्ता खेलमा नेपाली खेलाडीले पदकहरू जित्न सकेका छैनन् ।

ओलम्पिक यात्रा सुरुआतको २० वर्षपछि पहिलोपटक पदक ल्याउने खेलाडी बनेकी छिन् पलेशा । अपाङ्गता भएका खेलाडीलाई सहभागी गराउनका लागि सन् १९६० मा इटालीको रोमबाट सुरु भएको पारा ओलम्पिक यात्रालाई नेपालले सन् २००४ मा एथेन्स (ग्रीस)बाट पछ्याउन सुरु गरेको हो । त्यसको दुई दशकमा २१ वर्षीया पलेसाले ओलम्पिकमा नेपालको इतिहास रच्न सफल भइन् । पेरिसमा पलेशाले कास्य पदकका लागि भएको भीडन्तमा सर्बियाकी खेलाडी मारिजा मिकेभलाई १५-८ ले पराजित गर्दै नेपालका लागि कास्य पदक जितिन् । यो भनेको ५७ केजी तौल समूहका महिला खेलाडीको प्रतिस्पर्धा थियो ।



यसअघि पनि सन् २०१८ मा काठमाडौंमा भएको दोस्रो एउटा अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा स्वर्ण पदक जितेकी थिइन् । त्यही वर्ष भियतनाममा भएको चौँथो एशियाली पारा तेक्वान्दो च्याम्पियनसिपमा पनि उनले कास्य जितिन् । यो उनको अन्तर्राष्ट्रिय पदकको यात्रा थियो । त्यसको तीन वर्षपछि उनले बहराइनमा भएको एशियाली युथ पारा गेम्समा पनि स्वर्ण पदक जितेकी थिइन् । सन् २०१६देखि पारा राष्ट्रिय टिममा जोडिएकी पलेसा सन् २०१७ मा दक्षिण कोरियामा भएको एसियाली पारा तेक्वान्दोमा पाँचौं स्थानमा थिइन् । गत वर्षको अन्तिमतिर चीनमा भएको एसियाली छनोट चरण जित्दै पलेसाले पेरिस पाराओलम्पिकको यात्रा तय गरिन् ।

दक्षिण एसियाली छनोट चरणमा अहिलेसम्म तीन जनामात्रै नेपाली खेलाडी ओलम्पिक खेलेका छन् । त्यसअघि सन् २००४ मा ग्रिस ओलम्पिकका लागि सङ्गीना वैद्य र सन् २०१० मा दीपक विष्टले त्यो चरण पार गर्न सकेका थिए । वाइल्ड कार्डमार्फत् सन् २०२० मा पनि पारालिम्पिक खेलेकी पलेसा त्यो पनि पदक नजिकै पुगेकी थिइन् । तर त्यसपछिको अथक मेहनत र कडा परिश्रमले उनलाई यसपालि कास्य पदक दिलायो ।

काठमाडौँ बागबजारकी पलेसा जन्मिँदै अपाङ्गता भएकी खेलाडी हुन् । उनको बाँया हात पूर्ण छैन । १० वर्षको उमेरदेखि नै तेक्वान्दो खेल्न थालेकी उनले २१ वर्षकै उमेरमा देशका लागि खेल इतिहासमा नयाँ पाना थपेकी छिन् । यति बेला सिङ्गो नेपाल हर्ष र खुसीले दङ्ग छ । संसारभरि छरिएका सारा नेपाली मख्ख छन् । संसारभरिबाट उनलाई अहिले बधाईको ओइरो आइरहेको छ । पुरस्कारका घोषणा भइरहेका छन् । देशका ऐतिहासिक पदक लिएर फर्किएकी पलेसालाई बुधबार विमानस्थलमै भव्य स्वागत भयो । उनका शुभेच्छुकहरूले खुसीयाली साट्दै नगर परिक्रमासमेत गराए । राष्ट्रिय खेलकुद विकास नियमावली अनुसार उनले सरकारका तर्फबाट रु ६५ लाख पुरस्कारसमेत पाउनेछिन् ।

राष्ट्रपति, प्रधानमन्त्रीलगायत देशका सबै राजनीतिक दल तथा आम नागरिकले समेत उनलाई बधाई र आगामी यात्राका लागि शुभकामनासमेत दिइरहेका छन् । त्यो भव्य स्वागत रसम्मानपछि पलेसाले भनेकी थिइन्– 'अब गर्वका साथ हामीले भन्न पाउनेछौँ, हामीसँग पनि पदक छ' । यो पदकलाई उनले आफूभित्रको दरिलो साहस र बलियो आत्मविश्वासको परिणाम भनेकी छिन् र यो पदक उनले राष्ट्र अनि सारा नेपालीका लागि समर्पण पनि गरेकी छिन् । पलेसाले ल्याएको यो पदकमात्रै उनले आफूमा त्यो सफलतालाई सिमित

गरेकी छैनन् । बरु राष्ट्र अनि आम नागरिकका लागि त्यो पदकलाई समर्पण गरेकी छिन् । यो भनेको एउटा खेलाडीमा भएको राष्ट्रप्रेम पनि हो। एउटा खेलाडी आफ्नो ज्यानको बाजी लगाएर मात्रै आफ्ना लागि खेल्दैन । ऊ राष्ट्रको नाममा खेलिरहेको हुन्छ । आफ्नो सारा सपना र चाहनाहरूलाई खेलमै समर्पित गरेर उसले राष्ट्रको ध्वजा अन्तर्राष्ट्रिय मञ्चमा फहराइरहेको हुन्छ। राष्ट्रलाई सारा संसारमाझ चिनाइरहेको हुन्छ।

'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेल' भन्ने स्थापित मान्यतालाई हेर्ने हो हरेक खेलमा युवा जमात जोडिएको हुन्छ । जो वर्तमानको भरोसा अनि भविष्यको आशा पनि हो । खेलकुद जति राष्ट्रका लागि गौरव हो मानव स्वास्थ्यका लागि उत्तिकै आवश्यक पनि हो । तर हाम्रो राज्य खेल अनि खेलाडीप्रति उति सारो उदार छैन। हरेक क्षेत्रमा घुसिसकेको राजनीतिले खेल क्षेत्रलाई अस्तव्यस्त मात्रै पारेको छैन, बरु अन्तर्राष्ट्रियरुपमा देशको छवि पनि धमिल्याइरहेको छ । नेपालमा सयौँ खेलका विधा छन् । हजारौँ खेलाडी छन् । तर राष्ट्रिय अनि अन्तर्राष्ट्रियरुपमा देशलाई चिनाउने खेलाडीहरूको अवस्थाबारे हाम्रो राज्य अनि यसका सञ्चालकहरू कहिल्यै गम्भीर भएकोदेखिन्न। खेल अनि खेलाडीहरू राष्ट्रका प्रतीक पनि हुन्छन् । कतिपय खेल राष्ट्रिय गौरव पनि हुन्छन् । खेल अनि खेलाडीका लागि राज्यले उत्तिकै लगानी पनि गरिरहेको हुन्छ । तर हाम्रो देशको बिडम्बना नै भनौँ सारा जीवन खेलका लागि समर्पण गरेका खेलाडीलाई साँझबिहान छाक टार्न मुस्किल हुन्छ।

अरुजस्तै एउटा खेलाडीको पनि आफ्नो जीवन हुन्छ। परिवार हुन्छ। उसका पनि परिवार अनि समाजप्रति जिम्मेदारी हुन्छन् । तर खेलमात्रै खेलेर हाम्रा खेलाडीले आफ्नो जीवन बिताउन सक्ने स्थिति छैन । आफू अनि परिवारका लागि उनीहरूले खेलमार्फत् आर्थिक जोहो गर्ने अवस्था नै छैन । नेपाली खेलाडीकोस्तर अरु देशका खेलाडीको तुलनामा कत्ति पनि कम छैन । नेपाली खेलकुद क्षेत्र अन्तर्राष्ट्रिय क्षेत्रमा पनि चिनिएको छ । तर राज्यले महत्व नदिँदा सारा खेलक्षेत्र राष्ट्रभित्रै लथालिङ्ग अवस्थामा छन् । पलेसाले पनि कैयौँ चुनौती पार गर्दै ओलम्पिकसम्म पुगेर राष्ट्रका लागि पदक जितेर फर्किएकी छिन् । आर्थिक अभावदेखि अरु खेलाडीले जस्तै उनले पनि खेल अभ्यासका लागि कठीन सङ्घर्ष गर्नुपर्यो । हाम्रा कतिपय खेलका लागि गतिला रङ्गशाला छैनन्। चरिचरण डाँडाजस्ता मैदानमा खेलेर केही समयअघि मात्रै नेपाल क्रिकेटको विश्वकपसम्म पुग्न सक्यो।

न यहाँ एउटा गतिलो रङ्गशाला छ अनि कुनै मैदान अनि न कुनै अभ्यास गर्ने स्तरीय कभर्ड हल। पलेसाजस्ता कैयौँ त्यस्ता खेलाडी छन्, जसले ऋण धन काढेर अनि आफ्नै बलबुतामा खेलअभ्यास गर्दै अन्तर्राष्ट्रिय मञ्चमा नेपाललाई चिनाइरहेका छन् । त्यसकै परिणाम हो, राष्ट्रिय अनि अन्तर्राष्ट्रियरुपमै चिनिएका विभिन्न विधानका हाम्रा खेलाडी अहिले जीवन धान्नका लागि धामाधम विदेश पलायन भइसकेका छन् । हाम्रा नेताहरूले खेल र खेलाडीको विकास अनि उनीहरूको स्तरीय जीवनका लागि चुनावी घोषणा त गरिदिन्छन् तर नीति निर्णय गर्ने ठाउँमा पुगिसक्दा उनीहरूले नै खेल क्षेत्र भुलिसकेका हुन्छन्। खेल क्षेत्र हाम्रो राज्यको प्राथमिकतामा कहिल्यै पर्न सकेको छैन । यो यथार्ततालाई हाम्रा नीति निर्माताले हेक्का गर्नैपर्छ र आत्मसमीक्षा अनि आगामी रणनीतिका बारेमा सोच्नैपर्छ।

पलेसाले पेरिसबाट ल्याएको त्यो पदक उनको मात्रै नभएर सिङ्गो राष्ट्रको इज्जत हो । खेल इतिहासमा देशको नाम लेखिएको एउटा गौरवको चिनो हो । क्षणिक रोमाञ्चकता अनि क्षणभरको प्रसिद्धीको नाममा खेलाडीलाई बधाई अनि पुरस्कार दिने मात्रै होइन, खेल क्षेत्रको दिगो विकास र कम्तीमा एउटा खेलाडीले व्यावसायिक रुपमा खेलेर आफ्नो र परिवारको जीवन धान्नसक्ने वातावरण बनाउनका लागि हाम्रा राजनीतिक दल अनि राज्य सञ्चालकहरू अहिलेदेखि नै लाग्नुपर्छ । जे होस्, देश अनि सारा नेपालीको गौरवलाई संसारभरि फिजाएइन् खेलाडी पलेसाले। यो सफलताको पर्दापछिका नायक प्रशिक्षक कविराज नेगी लामा जसले नेपालका लागि दर्जन अन्तर्राष्ट्रिय पदक दिलाइसकेका छन्, अनि उनको सिङ्गो टिमलाई हार्दिक बधाई अनि आगामी यात्रा सफलाताका लागि शुभकामना।


## अजिरकोट गाउँपालिकाको अनुरोध

१. आफ्नो घर-आँगन सफा राखौं।
२. विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
३. गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण गरौं ।
४. बालबालिकालाई विद्यालय पठाऔं।
५. बालबालिकालाई काममा नलगाऔं।
६. गाउँपालिकालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण कर समयमै भुक्तानी गरि जरिवानाबाट बचौं।
७. गाउँपालिकाभित्र सञ्चालन हुने सम्पूर्ण व्यापार व्यवसाय गाउँपालिकामा मात्र दर्ता गरेर सञ्चालन गर्ने।
८. हावाहुरी चल्ने समयमा जथाभावी आगो नबालौं।
९. व्यक्तिगत घटना दर्ता, विवाह, बसाई-सराई, जन्मदर्ता, विवाहदर्ता समयमै गरौं।
१०. आगो बाल्नु परे काम सकिनासाथ तुरुन्त निभाउने गरौं।

**दीपक देवकोटा** अध्यक्ष
**अनिता भुजेल** उपाध्यक्ष
**नवराज अवस्थी** प्रमुख प्रशासकीय अधिकृत

**अजिरकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
गोरखा, गण्डकी प्रदेश, नेपाल



# Jaya Multiple Campus

# +2

Management
Humanities
Science
Law
NEB

**BA/BBS**
**BASW/BCA**
**BBM**
**MBS**
Affiliated to TU

Gokarneshwor-8, Makalbari
Kathmandu, Nepal
Tel: 5134140, 5134081
E-mail: info@jmcampus.edu.np

www.jmcampus.edu.np

# STUDY IN JAPAN ?

...WILL HELP TO FIX THE PROBLEM

DREAMCITY
abroad education consultancy pvt. ltd.



## Our Services

- ☑ Work and Study
- ☑ High Visa Success rate
- ☑ Gap Accepted(upto 5 years)
- ☑ Interview preperation classes run by native speaker
- ☑ Free Japanese Language Class for students
- ☑ Students preferred cities are prioritized

FOR MORE INFORMATION, VISIT US AT

**DREAMCITY ABROAD EDUCATION CONSULTANCY**
Chuchepati, Kathmandu, Nepal
Ph: 01-5924044, 9845674956, 9866279606
E-mail: info@dreamcityedu.com.np
**www.dreamcityedu.com.np**